# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

**प्रदेश निजामती सेवाका अधिकृत नवौं तहका अप्राविधिक / प्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. १८/२०८१-०८२** **मितिः- २०८१।११।२०**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नु पर्ने भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२, ३७ र ३७क. बमोजिम हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१।१२।२५ गते सम्ममा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। ज्येष्ठताको गणना सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा ३४,३७ र ३७क. बमोजिम हुनेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट रुपमा भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र दफा ३० बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने र सुदूरपश्चिम प्रदेश तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।

५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरु सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३७ र ३७क बमोजिम र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरु सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२ बमोजिम हुनेछ।

६. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३७ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।

७. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा २९ बमोजिम हुनुपर्ने।

८. स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा,समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनु पर्नेछ ।

९. बढुवा सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम हुने।

क) जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| अ) अप्राविधिक तर्फ | | | |
| १ | १०/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, सा.प्र | ७ |
| २ | ११/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, राजश्व | १ |
| आ) प्राविधिक तर्फ | | | |
| १ | १२/०८१-८२ | डि.ई, ईञ्जि, सिभिल, जनरल | २ |
| २ | १३/०८१-८२ | डि.ई, ईञ्जि, सिभिल, बि.एण्ड.आर्किटेक्ट | १ |
| ३ | १४/०८१-८२ | डि.ई, ईञ्जि, सिभिल, हाइवे | १ |
| ४ | १५/०८१-८२ | डि.ई, ईञ्जि, सिभिल, स्यानिटरी | १ |
| ५ | १६/०८१-८२ | डि.ई, ईञ्जि, सिभिल, ईरिगेशन | १ |
| ६ | १७/०८१-८२ | कृषि प्रसार निर्देशक, कृषि, कृषि प्रसार | २ |
| ७ | १८/०८१-८२ | बागवानी विकास निर्देशक, कृषि, बागवानी | १ |
| ८ | १९/०८१-८२ | मत्स्य विकास निर्देशक, कृषि, मत्स्य | १ |
| ९ | २०/०८१-८२ | पशुविकास निर्देशक, कृषि, ला.पो.एण्ड डे.डे. | १ |
| १० | २१/०८१-८२ | बाली विकास निर्देशक, कृषि, बाली विकास | १ |
| ११ | २२/०८१-८२ | बालीसंरक्षण निर्देशक, कृषि, बालीसंरक्षण | १ |
| १२ | २३/०८१-८२ | निर्देशक, कृषि, एग्री.इको. एण्ड मार्केटिङ्ग | १ |
| १३ | २४/०८१-८२ | मुख्य पशु चिकित्सक/ निर्देशक, कृषि, भेटेरीनरी | १ |
| १४ | २५/०८१-८२ | उपसचिव (प्रा.)/ उपनिर्देशक/डिभिजनल वन अधिकृत, वन, ज.फ | २ |
| १५ | २६/०८१-८२ | उप-सचिव/उप निर्देशक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | १ |
| १६ | २७/०८१-८२ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | १ |
| १७ | २८/०८१-८२ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | १ |
| १८ | २९/०८१-८२ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | १ |
| १९ | ३०/०८१-८२ | कन्सल्टेन्ट रेडियोलोजिष्ट/रेडियोडाईग्नोसिस, स्वास्थ्य, रेडियोलोजि | १ |
| २० | ३१/०८१-८२ | कन्सल्टेन्ट साईक्याट्रिष्ट, स्वास्थ्य, साईक्याट्रि | १ |
| २१ | ३२/०८१-८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | १ |
| २२ | ३३/०८१-८२ | कन्सल्टेन्ट ई.एन.टि सर्जन, स्वास्थ्य, अटोरीनोल्यारिङ्गोलोजी | १ |
| २३ | ३४/०८१-८२ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजि | १ |
| २४ | ३५/०८१-८२ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | १ |
| २५ | ३६/०८१-८२ | स्वास्थ्य प्रशासक, स्वास्थ्य,पब्लिक हेल्थ एडमिनिस्ट्रेशन | १ |
| २६ | ३७/०८१-८२ | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | २ |
| २७ | ३८/०८१-८२ | कन्सल्टेन्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजि, जनरल प्याथोलोजि | १ |
| २८ | ३९/०८१-८२ | अस्पताल नर्सिङ प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग | १ |
| २९ | ४०/०८१-८२ | मेडिकल ल्याव टेक्नोलोजिष्ट प्रशासक, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजि, जनरल मेडिकल ल्याब टेक्नोलोजि | १ |
| ३० | ४१/०८१-८२ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य ,हे.ई. | २ |

ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| **अ) अप्राविधिक तर्फ** | | | |
| १ | ४२/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, सा.प्र | ७ |
| २ | ४३/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, राजश्व | १ |
| **आ) प्राविधिक तर्फ** | | | |
| १ | ४४/०८१-८२ | डि.ई, ईन्जि, सिभिल, जनरल | २ |
| २ | ४५/०८१-८२ | डि.ई, ईन्जि, सिभिल, बि.एण्ड.आर्किटेक्ट | १ |
| ३ | ४६/०८१-८२ | डि.ई, ईन्जि, सिभिल, हाइवे | १ |
| ४ | ४७/०८१-८२ | डि.ई, ईन्जि, सिभिल, स्यानिटरी | १ |
| ५ | ४८/०८१-८२ | डि.ई, ईन्जि, सिभिल, ईरिगेशन | २ |
| ६ | ४९/०८१-८२ | नापी निर्देशक, ईन्जि, सर्भे | १ |
| ७ | ५०/०८१-८२ | कृषि प्रसार निर्देशक, कृषि, कृषि प्रसार | २ |
| ८ | ५१/०८१-८२ | बागवानी विकास निर्देशक, कृषि, बागवानी | १ |
| ९ | ५२/०८१-८२ | मत्स्य विकास निर्देशक, कृषि,मत्स्य | १ |
| १० | ५३/०८१-८२ | पशुविकास निर्देशक, कृषि, ला.पो.एण्ड डे.डे. | १ |
| ११ | ५४/०८१-८२ | बाली विकास निर्देशक, कृषि, बाली विकास | १ |
| १२ | ५५/०८१-८२ | बालीसंरक्षण निर्देशक, कृषि, बालीसंरक्षण | १ |
| १३ | ५६/०८१-८२ | निर्देशक, कृषि,एग्री.इको. एण्ड मार्केटिङ्ग | २ |
| १४ | ५७/०८१-८२ | माटो बिज्ञान निर्देशक, कृषि, माटो विज्ञान | १ |
| १५ | ५८/०८१-८२ | मुख्य पशु चिकित्सक/निर्देशक, कृषि, भेटेरीनरी | १ |
| १६ | ५९/०८१-८२ | उपसचिव (प्रा.)/ उपनिर्देशक/डिभिजनल वन अधिकृत, वन, ज.फ. | २ |
| १७ | ६०/०८१-८२ | उप-सचिव/उप निर्देशक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | २ |
| १८ | ६१/०८१-८२ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | २ |
| १९ | ६२/०८१-८२ | कन्सल्टेन्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजि | १ |
| २० | ६३/०८१-८२ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | १ |
| २१ | ६४/०८१-८२ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | १ |
| २२ | ६५/०८१-८२ | कन्सल्टेन्ट रेडियोलोजिष्ट/रेडियोडाईग्नोसिस, स्वास्थ्य, रेडियोलोजि | १ |
| २३ | ६६/०८१-८२ | कन्सल्टेन्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजि, लेप्रोलोजि र भेनेरलडिजिजेज | १ |
| २४ | ६७/०८१-८२ | कन्सल्टेन्ट साईक्याट्रिष्ट, स्वास्थ्य, साईक्याट्रि | १ |
| २५ | ६८/०८१-८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | २ |
| २६ | ६९/०८१-८२ | कन्सल्टेन्ट ई.एन.टि सर्जन, स्वास्थ्य, अटोरीनोल्या रिङ्गोलोजी | १ |
| २७ | ७०/०८१-८२ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजि | १ |

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| २८ | ७१/०८१-८२ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | २ |
| २९ | ७२/०८१-८२ | स्वास्थ्य प्रशासक, स्वास्थ्य, पब्लिक हेल्थ एडमिनिस्ट्रेशन | १ |
| ३० | ७३/०८१-८२ | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | २ |
| ३१ | ७४/०८१-८२ | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट | १ |
| ३२ | ७५/०८१-८२ | कन्सल्टेन्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजि, जनरल प्याथोलोजि | १ |
| ३३ | ७६/०८१-८२ | कन्सल्टेन्ट माईक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजि, माईक्रोबायोलोजि | १ |
| ३४ | ७७/०८१-८२ | अस्पताल नर्सिङ प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग | १ |
| ३५ | ७८/०८१-८२ | कन्सल्टेन्ट डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, जनरल डेन्टल | १ |
| ३६ | ७९/०८१-८२ | कन्सल्टेन्ट आर्युवेद बिज्ञ स्वास्थ्य, आर्युवेद, जनरल आर्युवेद | १ |
| ३७ | ८०/०८१-८२ | स्वास्थ्य शिक्षा प्रशासक, स्वास्थ्य, हेल्थ एजुकेशन | १ |
| ३८ | ८१/०८१-८२ | मेडिकल ल्याव टेक्नोलोजिष्ट प्रशासक, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजि, जनरल मेडिकल ल्याब टेक्नोलोजि | १ |
| ३९ | ८२/०८१-८२ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई. | २ |

**दरखास्त दस्तुरः** अधिकृत नवौं तहका लागि रु. १२०० (एक हजार दुई सय रुपैंया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)

**राजस्व शीर्षक नं .** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

### धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

## प्रदेश निजामती सेवाका अधिकृत नवौं र आठौं तहका प्राविधिक तथा अप्राविधिक पदहरुको आ.प्र., अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. १९/२०८१-०८२** **प्रकाशन मितिः-२०८१।११।२०**

सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको आ.प्र., अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवाका आ.प्र.,अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा एकीकृत रुपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरिनेछ।

### क) अधिकृत नवौं तह

| क्र.सं. | विज्ञापन नं. ...०८१-८२ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| **अ) अप्राविधिक तर्फ** | | | | | | |
| १ | १०१/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, सा.प्र | प्रदेश | आ.प्र. | ३ | **लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।** |
| २ | १०२/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, सा.प्र | प्रदेश | अन्तर तह | २ | |
| ३ | १०३/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, सा.प्र | प्रदेश | खुला | ३ | |
| ४ | १०४/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, सा.प्र | प्रदेश | महिला | १ | |
| ५ | १०५/०८१-८२ | उप-सचिव/निर्देशक, प्रशासन, सा.प्र | प्रदेश | दलित | १ | |
| **आ) प्राविधिक तर्फ** | | | | | | |
| १ | ५०१/०८१-८२ | डि.ई,ईन्जि, सिभिल, जनरल | प्रदेश | आ.प्र. | १ | **लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।** |
| २ | ५०२/०८१-८२ | डि.ई,ईन्जि, सिभिल, जनरल | प्रदेश | खुला | १ | |
| ३ | ५०३/०८१-८२ | डि.ई,ईन्जि, सिभिल, बि.एण्ड.आर्किटेक्ट | प्रदेश | आ.प्र. | १ | |
| ४ | ५०४/०८१-८२ | डि.ई,ईन्जि, सिभिल, बि.एण्ड.आर्किटेक्ट | प्रदेश | खुला | १ | |
| ५ | ५०५/०८१-८२ | डि.ई,ईन्जि, सिभिल, स्यानिटरी | प्रदेश | खुला | १ | |
| ६ | ५०६/०८१-८२ | डि.ई,ईन्जि, सिभिल, ईरिगेशन | प्रदेश | आ.प्र. | १ | |
| ७ | ५०७/०८१-८२ | डि.ई,ईन्जि, सिभिल, ईरिगेशन | प्रदेश | खुला | १ | |
| ८ | ५०८/०८१-८२ | कृषि प्रसार निर्देशक, कृषि, कृषि प्रसार | प्रदेश | आ.प्र. | १ | |
| ९ | ५०९/०८१-८२ | कृषि प्रसार निर्देशक, कृषि, कृषि प्रसार | प्रदेश | अन्तर तह | १ | |
| १० | ५१०/०८१-८२ | कृषि प्रसार निर्देशक, कृषि, कृषि प्रसार | प्रदेश | खुला | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | ५११/०८१-८२ | बागवानी विकास निर्देशक, कृषि, बागवानी | प्रदेश | आ.प्र. | १ | लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ। |
| १२ | ५१२/०८१-८२ | बागवानी विकास निर्देशक, कृषि, बागवानी | प्रदेश | खुला | १ | |
| १३ | ५१३/०८१-८२ | पशुविकास निर्देशक, कृषि, ला.पो.एण्ड डे.डे. | प्रदेश | खुला | १ | |
| १४ | ५१४/०८१-८२ | बालीसंरक्षण निर्देशक, कृषि, बालीसंरक्षण | प्रदेश | खुला | १ | |
| १५ | ५१५/०८१-८२ | निर्देशक, कृषि, एग्री.इको.एण्ड मार्केटिङ्ग | प्रदेश | आ.प्र. | १ | |
| १६ | ५१६/०८१-८२ | निर्देशक, कृषि, एग्री.इको.एण्ड मार्केटिङ्ग | प्रदेश | खुला | १ | |
| १७ | ५१७/०८१-८२ | मुख्य पशु चिकित्सक/निर्देशक, कृषि, भेटेरीनरी | प्रदेश | आ.प्र. | १ | |
| १८ | ५१८/०८१-८२ | मुख्य पशु चिकित्सक/ निर्देशक, कृषि, भेटेरीनरी | प्रदेश | खुला | १ | |
| १९ | ५१९/०८१-८२ | उपसचिव (प्रा.)/उपनिर्देशक/डिभिजनल वन अधिकृत, वन, ज.फ | प्रदेश | आ.प्र. | १ | |
| २० | ५२०/०८१-८२ | उपसचिव (प्रा.)/उपनिर्देशक/डिभिजनल वन अधिकृत, वन, ज.फ | प्रदेश | अन्तर तह | १ | |
| २१ | ५२१/०८१-८२ | उपसचिव (प्रा.)/उपनिर्देशक/डिभिजनल वन अधिकृत, वन, ज.फ | प्रदेश | खुला | १ | |
| २२ | ५२२/०८१-८२ | उपसचिव (प्रा.)/उपनिर्देशक/डिभिजनल वन अधिकृत, वन, ज.फ | प्रदेश | महिला | १ | |
| २३ | ५२३/०८१-८२ | उप-सचिव/उप निर्देशक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | प्रदेश | आ.प्र. | १ | |
| २४ | ५२४/०८१-८२ | उप-सचिव/ उप निर्देशक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | प्रदेश | खुला | १ | |
| २५ | ५२५/०८१-८२ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | प्रदेश | आ.प्र. | १ | |
| २६ | ५२६/०८१-८२ | कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | प्रदेश | खुला | १ | |
| २७ | ५२७/०८१-८२ | कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | प्रदेश | खुला | १ | |
| २८ | ५२८/०८१-८२ | कन्सल्टेन्ट साईक्याट्रिष्ट, स्वास्थ्य, साईक्याट्रि | प्रदेश | खुला | १ | |
| २९ | ५२९/०८१-८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | प्रदेश | आ.प्र. | १ | |
| ३० | ५३०/०८१-८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | प्रदेश | खुला | १ | |
| ३१ | ५३१/०८१-८२ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजि | प्रदेश | खुला | १ | |
| ३२ | ५३२/०८१-८२ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | प्रदेश | आ.प्र. | १ | |
| ३३ | ५३३/०८१-८२ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोक्लोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | प्रदेश | खुला | १ | |
| ३४ | ५३४/०८१-८२ | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | आ.प्र. | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | ५३५/०८१-८२ | मेडिकल सुपरिटेन्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | खुला | १ | लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ। |
| ३६ | ५३६/०८१-८२ | कन्सल्टेन्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजि, जनरल प्याथोलोजि | प्रदेश | खुला | १ | |
| ३७ | ५३७/०८१-८२ | अस्पताल नर्सिङ प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग | प्रदेश | खुला | १ | |
| ३८ | ५३८/०८१-८२ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई | प्रदेश | आ.प्र. | १ | |
| ३९ | ५३९/०८१-८२ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई | प्रदेश | खुला | १ | |

## ख) अधिकृत आठौं तह

| क्र.सं. | विज्ञापन नं. ...०८१-८२ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | ५४०/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | खुला | १२ | लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ। |
| २ | ५४१/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | महिला | ३ | |
| ३ | ५४२/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | दलित | २ | |
| ४ | ५४३/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | थारु/राना थारु | १ | |
| ५ | ५४४/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | आ.वि.खस आर्य | १ | |
| ६ | ५४५/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | पि.क्षे. | १ | |
| ७ | ५४६/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | आ.ज. | १ | |
| ८ | ५४७/०८१-८२ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | प्रदेश | अपाङ्ग | १ | |
| ९ | ५४८/०८१-८२ | डेन्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेन्टल | प्रदेश | खुला | १ | |
| ११ | ५४९/०८१-८२ | डेन्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेन्टल | प्रदेश | महिला | १ | |
| १२ | ५५०/०८१-८२ | आर्युवेद चिकित्सक, स्वास्थ्य, आर्युवेद, जनरल आर्युवेद | प्रदेश | खुला | ३ | |
| १३ | ५५१/०८१-८२ | आर्युवेद चिकित्सक, स्वास्थ्य, आर्युवेद, जनरल आर्युवेद | प्रदेश | महिला | १ | |
| १४ | ५५२/०८१-८२ | आर्युवेद चिकित्सक, स्वास्थ्य, आर्युवेद, जनरल आर्युवेद | प्रदेश | दलित | १ | |
| १५ | ५५३/०८१-८२ | आर्युवेद चिकित्सक, स्वास्थ्य, आर्युवेद, जनरल आर्युवेद | प्रदेश | थारु/राना थारु | १ | |

**परीक्षाको किसिमः-** लिखित परीक्षा, सामूहिक छलफल, सीप परीक्षण र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)

**परीक्षा केन्द्रः-** धनगढी, कैलाली

**परीक्षाको माध्यमः -** परीक्षाको माध्यम (भाषा) नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ । आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/१२/११ सम्म र दोब्बर दस्तुर तिरी २०८१/१२/१८ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८१/१२/११ सम्म पुरुष उम्मेदवारको हकमा २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको साथै महिला वा अपाङ्ग उम्मेदवारको हकमा समेत ४५ वर्ष ननाघेको हुनुपर्नेछ। तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नु पर्नेछ।

**दरखास्त दस्तुरः-** नवौं तहको हकमा दरखास्त दस्तुर रु. १२००/- आ.प्र., अन्तरतह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि ५००/- र थप पत्रका लागि प्रति पत्र थप ५००/- बुझाउनुपर्नेछ।

आठौं तहको हकमा दरखास्त दस्तुर रु. १०००/- आ.प्र., अन्तरतह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि ४००/- बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफुले Apply गरेको बिज्ञापनको Pay Button मा Click गर्नुहोस त्यस पछि बैंक छानी Online Payment छान्नुहोस र तोकिएको वालेटहरु छानी Username, Password राखि भुक्तानी गर्नुहोस ।

Offline Payment को लागि My Application मा गएर All Application मा Click गरेपछि आफुले Apply गरेको बिज्ञापनको Pay Button मा Click गर्नुहोस त्यस पछि तोकिएको बैंक छानी Offlline Payment छान्नुहोस र Click here मा Click गरि Voucher Generate गरि सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । ***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।***

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसके पछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरि शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नु पर्नेछ ।

प्रदेश लोक सेवा आयोग (कार्यसंचालन) निर्देशिका (पहिलो संशोधन), २०८० को दफा १४ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाहि तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दा कै बखत रद्द हुने र पछि कुनै पनि बाहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनु पर्नेछ ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

## (क) नवौं तह आ.प्र.का लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः

१. **कन्सल्टेन्ट जनरल फिजिसियन,स्वास्थ्य, मेडिसिन,जनरल मेडिसिनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **कन्सल्टेन्ट पेडियाट्रिसियन,स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्समा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह ।

**३. कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अब्स्टेट्रिक्स तथा गाइनोकोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

**४. मेडिकल सुपरिटेन्डेन्ट,स्वास्थ्य, जनरल हेल्थ सर्भिसेजः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त।

**५. जनस्वास्थ्य प्रशासक,स्वास्थ्य, हेल्थ इन्स्पेक्सनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त ।

**(ख) नवौं तह खुला तथा अन्तरतह प्रतियोगिताका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

१. **उपसिचव/निर्देशक, प्रशासन, सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षाशास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण ।

२. **डिभिजनल इञ्जिनियर,इञ्जि., सिभिल, जनरलः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. **डिभिजनल इञ्जिनियर,इञ्जि., सिभिल, वि. एण्ड. आर्किटेक्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

४. **डिभिजनल इञ्जिनियर,इञ्जि., सिभिल, स्यानिटरीः** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरीङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरीङ्ग विषयमा स्नातकोत्तर उत्तीर्ण ।

५. **डिभिजनल इञ्जिनियर,इञ्जि., सिभिल, इरिगेशनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स डेभलपमेण्ट वा हाइड्रोलोजी वा वाटर युज मेनेजमेन्ट वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स इञ्जिनियरिङ्ग वा हाइड्रोलोजिकल इञ्जिनियरिङ्ग वा ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा हाइड्रोइन्फरमेटिक्स वा इरिगेशन इञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा वाटर इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चर प्लानिङ्ग वा हाइड्रोलोजी एण्ड वाटर रिसोर्स वा हाइड्रोलिक इञ्जिनियरिङ्ग ट्रपिकल वाटर म्यानेजमेन्ट वा सिभिल एण्ड म्युनिसिपल इञ्जिनियरिङ्ग वा कन्सट्रक्सन म्यानेजमेन्ट वा एप्लाइड जियो मर्फोलोजिकल एण्ड इञ्जिनियरिङ्ग जियोलोजिक सर्भे वा वाटर रिसोर्सेस म्यानेजमेन्ट वा इञ्जिनियरिङ्ग सर्भे वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा नेचुरल रिसोर्स म्यानेजमेन्ट वा हाइड्रोलिक इञ्जिरियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

६. **कृषि प्रसार निर्देशक, कृषि, कृषि प्रसारः** अधिकृत सातौं तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषिप्रसार विषयमा स्नातकोत्तर तह (एम एस्सी एगृ वा सो सरह) उत्तीर्ण ।

७. **बागवानी विकास निर्देशक, कृषि, बागवानीः** अधिकृत सातौं तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बागबानी विषयमा स्नातकोत्तर तह (एम एस्सी एगृ वा सो सरह) उत्तीर्ण ।

८. **पशुविकास निर्देशक, कृषि, ला.पो. एण्ड डे.डे.:** अधिकृत सातौं तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान/एप्लाइड साइन्स (एनिमल ब्रिडिङ्ग, एनिमलन्युट्रिसन, लाइभस्टक प्रोडक्सन एण्ड मेनेजमेन्ट, पास्चर मेनेजमेन्ट, रेन्जलेन्ड म्यानेजमेन्ट लाइभस्टक इकोनोमिक्स, एनिमल वेलफेयर, लाइभस्टक एक्सटेन्सन, डेरी टेक्नोलोजी, फोडर एण्ड पास्चर प्रोडक्सन, प्रोल्ट्री प्रोडक्सन) विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण उपाधी प्राप्त ।

९. **बाली संरक्षण निर्देशक, कृषि, बाली संरक्षणः** अधिकृत सातौं तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट किट विज्ञान वा बाली रोग विज्ञान वा बालीसंरक्षण विषयमा स्नातकोत्तर तह (एम एस्सी एगृ वा सो सरह) उत्तीर्ण ।

१०. **निर्देशक, कृषि, एगृ. इको. एण्ड मार्केटिङः** अधिकृत सातौं तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ इकोनोमिक्स वा एगृ विजनेस वा एगृ मार्केटिङ्ग वा एगृ फाइनान्स वा एगृ रिसोर्स इकोनोमिक्स मुख्य विषय लिई स्नातकोत्तर तह (एम एस्सी एगृ वा सो सरह) उत्तीर्ण ।

११. **मुख्य पशु चिकित्सक, कृषि, भेटेरिनरीः** अधिकृत सातौं तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरिनरी साइन्स/एप्लाइड साइन्स (भेटेरिनरी मेडिसिन, थेरीयोजेनेलोजी, भेटेरिनरी सर्जरी, भेटेरिनरी माइक्रोबायोलोजी, भेटेरिनरी भाइरोलोजी, भेटेरिनरी प्याथोलोजी, भेटेरिनरी फार्माकोलोजी, भेटेरिनरी प्यारासाइटोलोजी, भेटेरिनरी

पब्लिक हेल्थ, भेटेरिनरी इपिडेमियोलोजी, भेटेरिनरी जुरीस प्रुडेन्स, भेटेरिनरी कन्जरभेसन मेडिसिन, वाइल्ड लाइफ मेडिसिन, मिट टेक्नोलोजी आदि) विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण उपाधी प्राप्त ।

१२. **डिभिजनल वन अधिकृत, वन, जनरल फरेष्ट्रीः** अधिकृत सातौं तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा सिल्भीकल्चर वा वन स्रोत मापन (फरेष्ट मेन्सुरेशन) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

१३. **उपसचिव/उपनिर्देशक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षणः** मान्यत प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त।

१४. **कन्सल्टेन्ट जनरल फिजिसियन,स्वास्थ्य, मेडिसिन,जनरल मेडिसिनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

१५. **कन्सल्टेन्ट सर्जन,स्वास्थ्य,सर्जरी, जनरल सर्जरीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१६. **कन्सल्टेन्ट साईक्याट्रिष्ट, स्वास्थ्य,साईक्याट्रिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१७. **कन्सल्टेन्ट पेडियाट्रिसियन,स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त ।

१८. **कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट,स्वास्थ्य, एनेस्थेसियोलोजिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१९. **कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अब्स्टेट्रिक्स तथा गाइनोकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२०. **मेडिकल सुपरिटेन्डेन्ट,स्वास्थ्य, जनरल हेल्थ सर्भिसेजः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

२१. **कन्सल्टेन्ट प्याथोलोजिष्ट,स्वास्थ्य, प्याथोलोजि, जनरल प्याथोलोजिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२२. **अस्पताल नर्सिङ प्रशासक,स्वास्थ्य,जनरल नर्सिङ्गः** मान्यता शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

२३. **जनस्वास्थ्य प्रशासक,स्वास्थ्य, हेल्थ इन्स्पेक्सनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

### (ग) आठौं तह खुला प्रतियोगिताका लागि आवश्यक न्यूनतम योग्यताः

१. **मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त ।

२. **डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त ।

३. **आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेदः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधि प्राप्त ।

## आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाको लागि सूचना

(क) सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगिता तर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ९ को उपदफा (७) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(घ) आन्तरिक, अन्तर तह, खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(ङ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।

(च) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले अन्तर्वार्तामा सम्मिलित हुन अगाडी रोजाइको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नु पर्नेछ। प्राथमिकता नभर्ने उम्मेदवारहरुलाई अन्तर्वार्तामा सहभागी गराइने छैन ।

(छ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(ज) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

(झ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ ।

## नवौं तहको विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरुका लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृतस्तरमा काम गरेको अनुभवको प्रमाणपत्र पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र

(१) निजामती तथा अन्य सरकारी निकाय,

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,

(३) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,

(४) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(५) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय (Statutory organization/Agency),

(६) संयुक्त राष्ट्र संघ, यसका अङ्ग तथा विशिष्टीकृत निकाय,

(७) विश्वविद्यालयको आङ्गिक क्याम्पस,

(८) सामुदायिक क्याम्पस तथा विद्यालय,

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेस गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेस गर्नु पर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य सङ्गठित संस्थामा काम गरेको अनुभव प्रमाण पत्र पेश गरेमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र संलग्न भएमा त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।

(घ) एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्तिपत्र वा करारनामामा आंशिक (Part-time) रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ज) नवौं तहको जुन सेवा समूह वा उपसमूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूह वा उपसमूहको अधिकृत पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मान्यता प्रदान गरिनेछ ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लिखित पद नामबाट अधिकृतस्तरको भनी प्रमाणित गरेको पत्र संलग्न गर्नु पर्नेछ ।

## समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

क) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

ख) **मधेसीका हकमा** मधेशी आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर मधेशी आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

ग) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

घ) **अपाङ्गका हकमा** स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गिकरण उल्लेख गरी सम्बन्धित स्थानीयतहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र  पेश गर्नु पर्ने छ।

ङ) **थारु/राना थारुको हकमा** राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

च) **आर्थिक रुपले विपन्न खस आर्यको हकमा** प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरको भए सो परिचय पत्र वा परिचय पत्र नभएको हकमा सम्बन्धित स्थानीय तहले कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस आर्य समुदायको व्यक्ति भनि प्रदान गरेको सिफारिश पेश गर्नु पर्नेछ ।

छ) **मुस्लिमको हकमा** मुस्लिम आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर मुस्लिम आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

ज) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा । स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाईँसराइ गरेको खुल्ने कागजात पेश गर्नु पर्ने छ।

**द्रष्टव्य**

क) सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा (१०) को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधि भरमा एक पटकमात्र पाउनेछ ।

ख) सुदूरपश्चिम प्रदेश निजामती सेवा सेवा (पहिलो संशोधन) ऐन, २०७९ दफा १०क. मा समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैन।

ग) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

घ) स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा,समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनु पर्नेछ ।

ङ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

च) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा निवेदन दिनु पर्नेछ अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

छ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, आन्तरिक, अन्तरतह, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

ज) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्टयाई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पुरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ ।

झ) उम्मेदवारले अनलाईन मार्फत फारम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोबाइल मार्फत जानकारी गराइने हुदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ ।

ञ) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं छनौट गर्नु पर्नेछ ।

ट) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

ठ) सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरु प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

ड) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ ।

ढ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

ण) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाईटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**थप जानकारीका लागिः** ०९१-५२७६००

Website:- http://psc.sudurpashchim.gov.np E-mail: :- ppsc.p7@gmail.com